# सहायक सेरामिक कलाकर्मीका लागि पाठ्यक्रम निर्देशिका

**Program Guide for Junior Ceramic Artisan**

*अन्तर्राष्ट्रिय श्रम संगठन/समयबद्ध कार्यक्रम*

*तथा*

*विश्व शिक्षा/उज्यालो भविष्य परियोजनाका*

*लागि तयार गरिएको कार्यकालीन तालीम सम्बन्धी पाठ्यक्रम*

*वि.सं. २०६१*

अन्तर्राष्ट्रिय श्रम संगठन
बालश्रम उन्मुलनका लागि अन्तर्राष्ट्रिय कार्यक्रम

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

विश्व शिक्षा

कार्यकालीन तालीमको प्रस्तुत पाठ्यक्रम अन्तर्राष्ट्रिय श्रम संगठनको समयबद्ध कार्यक्रम तथा विश्व शिक्षाको उज्यालो भविष्य परियोजनाका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतको पाठ्यक्रम विकास महाशाखाद्वारा तयार गरिएको हो । पाठ्यक्रम निर्माणको पहिलो चरण अर्थात् DACUM Workshop मा नेपाल ट्रेड यूनियन महासंघ, नेपाल ट्रेड यूनियन कांग्रेस, नेपाल प्रजातान्त्रिक ट्रेड यूनियन महासंघ तथा WEAN सँग सम्बन्धित विषय विज्ञहरुको सक्रिय सहभागिता रहेको व्यहोरा सम्बन्धित सबैलाई सधन्यवाद जानकारी गराइन्छ ।

पाठ्यक्रम तयार गर्ने: *पाठ्यक्रम विकास महाशाखा, प्रा.शि.तथा व्या.ता.परिषद् सानोठिमी, भक्तपुर ।*
**अनुवादक: *प्रदीप अधिकारी, मिष्टरकान्त मैनाली र कविता काफ्ले ।***

# सहायक सेरामिक कलाकर्मीका लागि पाठचक्रम निर्देशिका

## परिचय :

अन्तर्राष्ट्रिय श्रम संगठनको बालश्रम उन्मूलनका लागि अन्तर्राष्ट्रिय कार्यक्रम अर्थात आइपेक (IPEC) र विश्व शिक्षा (World Education)ले नेपालमा हुने निकृष्ट प्रकारका बालश्रम उन्मूलनलाई प्राथमिकता दिंदै क्रमशः बालश्रम हटाउन विभिन्न उपायलाई प्रवर्द्धन गरेका छन् । आइपेक र विश्व शिक्षाका पहलहरू सरकार, ट्रेड युनियन, रोजगारदाता संघ र गैरसरकारी संघसंस्थाको साझेदारीमा कार्यान्वयन गरिन्छन् । आइपेक (IPEC)ले प्रवर्द्धन गरेको विभिन्न नयाँ कार्यक्रमहरूमध्ये एक हो समयबद्ध कार्यक्रम (Time Bound Programme) । अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १८२ मा परिभाषित विशेष प्रकारका निकृष्ट बालश्रमलाई तोकिएको समयावधि भित्र रोकथाम गर्नु समयबद्ध कार्यक्रम र विश्व शिक्षाको उज्यालो भविष्य कार्यक्रम (Brighter Fututre Programme) को लक्ष्य हो ।

समयबद्ध कार्यक्रम र उज्यालो भविष्य कार्यक्रमको उद्देश्य श्री ५को सरकारद्वारा बालश्रम उन्मुलनका लागि बनाइएको गुरू योजनामा सहयोगीको रूपमा काम गर्नु रहेको छ । यसै सिलसिलामा यस कार्यक्रमले नेपालमा पहिचान भएका सात निकृष्ट प्रकारका बालश्रमहरूको पहिचान गरेको छ । त्यस्ता बालश्रमिकहरूमा : १. घरेलु बालश्रमिकहरू, २. बालभरियाहरू, ३. बाल बँधुवा मजदूरहरू, ४. अवैध बेचविखनमा परेका बालबालिकाहरू, ५. सडक बालबालिकाहरू (खाते), ६. गलैंचा कारखानामा काम गर्ने बालबालिकाहरू तथा ७. खानीमा कामगर्ने बालबालिकाहरू पर्दछन् । समयबद्ध कार्यक्रम र उज्यालो भविष्य कार्यक्रमले यस्ता बालश्रम उन्मूलनका लागि विभिन्न कदमहरू चालिरहेका छन् ।

नेपालमा अपनाइएका समयबद्ध कार्यक्रम र उज्यालो भविष्य कार्यक्रमका शैक्षिक पहलहरू बालश्रम रोकथाम गर्न र बालश्रमिकहरूलाई पुर्नस्थापित गर्न अति नै प्रभावकारी देखिएका छन् । यी दुवै कार्यक्रमले निकृष्ट प्रकारका बालश्रमबाट संयुक्त रूपमा उद्धार गरिएका सबै बालबालिका तथा युवाका लागि निशुल्क शिक्षा, उपयुक्त व्यावसायिक तालीम (Vocational Training) एवं कार्यकालीन तालीम (Apprenticeship Training) का अवसरहरूको प्रवर्द्धन गर्दछन् । यस सन्दर्भमा अन्तर्राष्ट्रिय श्रम संगठनको आइपेक (IPEC) र विश्व शिक्षाको उज्यालो भविष्य कार्यक्रमले निकृष्ट प्रकारका बालश्रममा संलग्न ठूला उमेरका बालबालिका लागि विभिन्न व्यावसायिक क्षेत्रहरुमा कार्यकालीन तालीम (Apprenticeship Training) कार्यक्रमको रूपरेखा तयार गरेका छन् ।

## कार्यक्रमको आवश्यकता :

नेपालमा संचालन भइरहेका विभिन्न प्राविधिक तालीमहरूका मिश्रित परिणामहरू देखिएका छन् । द्रुतगतिमा धेरै ठूलो संख्यामा प्राविधिक तथा व्यावसायिक प्रशिक्षण दिने संस्थाहरू खुलेका छन् । यसको अनुपातमा भर्ना हुने युवा युवतीहरुको संख्यामा पनि वृद्धि भइरहेको छ । तर त्यसमा केही समस्याहरु देखा परेका छन् । मूख्यतः प्रशिक्षण कार्यक्रमहरु धेरै संरचनागत छन् । प्रशिक्षणको शैली चाहिं संस्थागत आधारमा बनाइएको छ । त्यस्तै विद्यार्थी भर्नालाई व्यवस्थित बनाउनका लागि न्यूनतम मापदण्ड तोकिएको हुन्छ । नेपालमा पहिचान गरिएका निकृष्ट प्रकारका बालश्रमिकहरूको न्यून साक्षरता दरको

पृष्ठभूमीलाई विचार गर्ने हो भने व्यावसायिक प्रशिक्षण दिने त्यस्ता संस्थाहरुले आफ्नो तालीममा प्रवेश लागि तोकेका न्यूनतम मापदण्ड अति नै उच्च भएको पाइन्छ । यसको साथै यस्ता धेरै व्यावसायिक तालीम प्रतिष्ठानहरू महँगा पनि छन् । यिनै कारणहरुले समेत गर्दा निकृष्ट प्रकारका बालश्रममा लागेका बालबालिकाहरु प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको पहुँचबाट टाढा भएका छन् । तसर्थ अन्तर्राष्ट्रिय श्रम संगठनको आइपेक (IPEC) र विश्व शिक्षाको उज्यालो भविष्य कार्यक्रमले निकृष्ट प्रकारका बालश्रममा संलग्न १४ वर्षमाथिका बालबालिका लागि कार्यकालीन तालीम (Apprenticeship Training) मोडेललाई व्यावसायिक तालीम (Vocational Training) को विकल्पको रूपमा हेर्न पहल गरेका छन् ।

आइपेक (IPEC) र विश्व शिक्षाका अनुसार कार्यकालीन तालीम (Apprenticeship Training) भनेको सम्बन्धित व्यक्तिको सुपरीवेक्षणमा सञ्चालन गरिने यस्तो स्थलगत तालीम हो जसले प्रशिक्षार्थीहरूलाई सैद्धान्तिक ज्ञान, व्यावहारिक सीप र कामजन्य वातावरणको अनुभव प्रदान गर्दछ । यो सिकाइ यस्तो तरिका हो जसले कम्तीमा १४ वर्ष पुगेका बालश्रमिकहरूलाई संभाव्य रोजगारदाता मार्फत् पेशागत योग्यता प्रदान गरी जीविकाका लागि वास्तविक रुपमा तयार गर्दछ । यस तालीमले प्रशिक्षार्थीहरूलाई संभाव्य रोजगारदाताहरूसँग पनि परिचय गराउन सक्छ । कार्यकालीन तालीमले युवायुवतीमा आत्मविश्वास जगाउन सक्छ र आफ्ना समुदाय तथा मुलुकका लागि निर्वाह गर्नुपर्ने सकारात्मक भूमिकाबारे स्मरण गराउन सक्छ ।

### समष्टिगत उद्देश्य ः

यस कार्यक्रमको समष्टिगत उद्देश्य निकृष्ट प्रकारका बालश्रममा रहेका बालबालिकाहरुको उद्धार गरी उनीहरुलाई सीप तथा ज्ञान सहित रोजगारीका उचित अवसरहरु प्रदान गर्नु हो । यसका साथै उनीहरुलाई राष्ट्रिय विकासका विभिन्न क्षेत्रहरु जस्तै : आर्थिक, शैक्षिक, श्रम बजारका नीति आदिमा पनि संलग्न गराउनु हो ।

### अन्तिम उद्देश्यहरु

यस पाठचक्रम अनुसारको प्रशिक्षण पछि कार्यकालीन तालीम प्रशिक्षार्थीहरु निम्न कामहरु सम्पन्न गर्न सक्षम हुनेछन् :

- साधारण माटाका भाँडाकुँडाहरु (Ceramics wares) बनाउन सक्नेछन् । (थ्रोइङ विधिद्वारा)
- माटाका भाँडाकुँडा बनाउने कालीगढहरुलाई सहायता गर्न सक्नेछन् । (मोल्डीङ विधिद्वारा)
- सेरामिकको कामलाई अन्तिम रुप दिन (फिनिसिङ) सक्नेछन् ।

### पाठचक्रम विवरणः

यो पाठ्यक्रम कार्यकालीन तालीम प्रशिक्षार्थीहरुलाई सेरामिक कालीगढी (माटाका भाँडाकुँडा बनाउने काममा) मा आधारभूत ज्ञान तथा सीप प्रदान गर्ने उद्देश्यले तयार पारिएको हो । यसबाट कार्यकालीन तालीम प्रशिक्षार्थीहरुले असंगठित तरिकाबाट सेरामिक कार्यशालाहरुमा आफ्नो क्षमता अभिवृद्धि गर्न सक्नेछन् । यो पाठ्यक्रम खास गरेर व्यापारीक तथा घरेलु प्रयोजनका लागि प्रयोग गरिने सेरामिकका उत्पादनहरुमा सीप प्रदान गर्ने उद्देश्यमा केन्द्रित रहेको छ ।

**लक्षित समूह :**

यस पाठचक्रमका लक्षित समुह अन्तर्गत निकृष्ट प्रकारका बालश्रममा रहेका १४ बर्ष भन्दा माथिका उमेर समूहका बालश्रमिकहरु पर्दछन् । नेपालमा निम्न निकृष्ट प्रकारका बालश्रममा रहेका बालबालिकाहरूलाई बालश्रमिक मानिएको छ :

क) घरेलु बालश्रमिकहरू

ख) बालभरियाहरू

ग) बाल बँधुवा मजदूरहरू

घ) अवैध बेचविखनमा परको बालबालिकाहरू

ङ) सडक बालबालिकाहरू (खाते)

च) गलैंचा कारखानामा काम गर्ने बालबालिकाहरू

छ) खानीमा कामगर्ने बालबालिकाहरू

**प्रशिक्षार्थी संख्या :**

तालीम दिने संस्था/उद्योग/कारखाना/कार्यशालामा उपलब्ध सुविधाहरूको आधारमा कार्यकालीन तालीम प्रशिक्षार्थीहरूको संख्या थपघट हुन सक्छ । तर प्रभावकारी सिकाइका लागि पाँचजना भन्दा बढि संख्या अनुपयुक्त हुन्छ ।

**तालीम प्रवेशको लागि न्यूनतम मापदण्ड :**

क) निकृष्ट प्रकारका बालश्रमसँग सम्बन्धित हुनुपर्दछ ।

ख) चौध देखि माथि अठार वर्ष तलको उमेरको हुनुपर्दछ ।

ग) कार्यकालीन तालीमका लागि इच्छुक तथा प्रतिबद्ध हुनुपर्दछ ।

घ) हालका मालिक/अभिभावकले अनुमति प्रदान गरेको हुनुपर्दछ ।

ङ) साक्षर हुनुपर्दछ ।

**समयावधि :**

कार्यक्रमको कूल समयावधि तीन देखि पाँच महिना (हप्तामा ५ वा ६ दिन र दिनको २ वा ३ घण्टाको दरमा) अथवा तालीम दिने संस्था/उद्योग/कारखाना/कार्यशाला/व्यक्ति तथा टिविपी (TBP) कार्यक्रम चलाउने संस्थाका बीचमा भएको सम्झौता अनुसार हुनेछ । कूल समय मध्ये सैद्धान्तिक तथा प्रयोगात्मक समयको अनुपात भने २०:८० नै सुनिश्चित गरिनुपर्दछ ।

**प्रशिक्षणको माध्यम :**

प्रशिक्षणको माध्यम मूलतः नेपाली हुनेछ । प्रशिक्षणमा प्रयोग हुने औजार तथा मेशिनहरुको नामहरु भने चलन चल्तीमा रहेका जुनसुकै भाषामा हुन सक्नेछ ।

**न्यूनतम उपस्थितिको आवश्यकता :**

तालीम अवधिको कम्तीमा ९० प्रतिशत उपस्थिति जनाएका प्रशिक्षार्थीहरुले मात्र तालीममा सहभागी भएको प्रमाण पत्र प्राप्त गर्न सक्नेछन् ।

**प्रमाणपत्र सम्बन्धी व्यवस्था :**

राष्ट्रिय सीप परीक्षण समिति (प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतको सीप परीक्षण महाशाखा) ले आफ्नो नियमानुसार सीप परीक्षण गरी सम्बन्धित कार्यकालीन तालीम प्रशिक्षार्थीलाई प्रमाण-पत्र प्रदान गर्ने छ ।

**कार्यकालीन तालीम दिनेको योग्यता :**

कार्यकालीन तालीम प्रदान गर्ने संस्था / उद्योग / कारखाना / कार्यशाला / व्यक्ति मा देहाय अनुसारको योग्यता हुनुपर्नेछ :

क) निकृष्ट प्रकारका बालश्रममा रहेका बालबालिकाहरूलाई उत्साह तथा प्रेरणा जगाई प्रशिक्षण दिन सक्ने,

ख) प्रशिक्षण सम्बन्धी तालीम तथा योग्यता भएको,

ग) तालीम संचालनका लागि उपयुक्त स्थान, उपकरणहरू, औजारहरू भएको,

घ) काम गर्ने सुरक्षित वातावरण भएको, तथा

ङ) रोजगारीको अवसरहरूको संम्भावना भएको ।

**प्रशिक्षार्थीको मूल्याङ्कन प्रक्रियाः**

कार्यकालीन तालीम दिने संस्था/उद्योग/कारखाना/कार्यशाला/व्यक्ति ले लगातारको मूल्याङ्कन तथा अनुगमनको आधारमा कार्यकालीन तालीम प्रशिक्षार्थीको मूल्याङ्कन गरिनेछ ।

**उपकरण, औजार तथा सामाग्रीहरू :**

यस तालीम संचालनका लागि देहायका उपकरण, औजार तथा सामाग्रीहरू आवश्यक पर्दछन् । कार्यकालीन तालीम प्रशिक्षार्थीहरूको संख्या, उपकरण तथा औजारको प्रयोग हुने समयको (कति पटक) आधारमा उपकरण तथा औजारहरुको आवश्यक संख्या फरक हुन सक्नेछ ।

| क्रम संख्या | औजार/उपकरणहरुको नाम | एकाइ |
|---|---|---|
| १. | प्लाष्टिकको मोल्ड | |
| २. | चक्कु | |
| ३. | स्कुल्पटर | |
| ४. | ब्रश | |
| ५. | थ्रोइङ ह्विल | |
| ६. | ग्राइण्डर मेशिन | |
| ७. | सीभ मेशिन (जाली) - विभिन्न साइजका | |
| ८. | भ्राइब्रेटर मेशिन | |
| ९. | ब्रोन्जर | |
| १०. | प्रेश मेशिन | |
| ११. | पग मिल | |
| १२. | गिगर मेशिन | |
| १३. | बल मिल | |
| १४. | पेन्टिङ ह्विल | |
| १५. | फायरीङ मेशिन | |
| १६. | पानी ट्यांकी | |
| १७. | किल्न (भट्टा) | |
| १८. | ब्लेण्डर | |
| १९. | थर्मोमिटर | |

## प्रशिक्षणका लागि सुझावहरु

- उद्देश्यहरुको छनौट गर्ने ।
  - संज्ञानात्मक क्षेत्रका उद्देश्यहरु छनौट गरी लेख्ने ।
  - मनोकृयात्मक क्षेत्रका उद्देश्यहरु छनौट गरी लेख्ने ।
  - प्रभावी क्षेत्रका उद्देश्यहरु छनौट गरी लेख्ने ।
- विषयबस्तुको छनौट गर्ने
  - विषयबस्तुको विस्तृत अध्ययन गर्ने ।
  - संज्ञानात्मक क्षेत्रका विषयबस्तुहरुको छनौट गर्ने ।
  - मनोकृयात्मक क्षेत्रका विषयबस्तुहरुको छनौट गर्ने ।
  - प्रभावी क्षेत्रका विषयबस्तुहरुको छनौट गर्ने ।
- शैक्षणिक विधिहरुको छनौट गर्ने
  - विविध शैक्षणिक विधिहरु :
    - शिक्षक सक्रिय विधिहरु,
    - विद्यार्थी सक्रिय विधिहरु,
    - अन्तरक्रिया विधिहरु,
    - नाटकीय विधिहरु र
    - सामग्री केन्द्रित विधिहरु ।
  - निम्न आधारमा छनौट गर्ने :
    - पाठका (संज्ञानात्मक, मनोकृयात्मक र प्रभावी) क्षेत्रको उद्देश्यहरुका आधारमा ,
    - विषयबस्तुको स्वरुपको आधारमा ,
    - शिकारुको स्तर (संज्ञानात्मक, मनोकृयात्मक र प्रभावी) का उद्देश्यहरुका आधारमा ,
    - प्राप्य शैक्षणिक सामग्रीहरुको आधारमा र
    - शिक्षकको अनुभव तथा पृष्ठभूमिको आधारमा ।
- विविध शैक्षणिक सामग्रीहरुको छनौट गरी उपयुक्त स्थान र समयमा प्रयोग गर्ने ।
- मूल्याङ्कन गर्ने
  - विविध मूल्याङ्नका साधनहरु निर्माण गर्ने
  - मूल्याङ्नका साधनहरु प्रयोग गरी संज्ञानात्मक, मनोकृयात्मक र प्रभावी क्षेत्रका उद्देश्यहरु प्राप्तिका मूल्याङ्न गर्ने
- कक्षा कोठा र फिल्ड कार्यको व्यवस्थापन र संगठनको योजना तयार गर्ने ।
- उद्देश्य, विषयबस्तु र शिक्षण विधिका वीच तालमेल गराउने ।
- पाठयोजनाहरु (सैद्धान्तिक र प्रयोगात्मक पाठयोजनाहरु) तयार गर्ने ।
- कार्यक्रम संचालन गर्ने ।
- कार्यक्रमको मूल्याङ्न गर्ने ।

## प्रशिक्षार्थीका कार्य सम्पादन मूल्याङ्नको लागि विशेष सुझाव :

- कार्य विश्लेषण गर्ने ।
- कार्य विश्लेषणको आधारमा विस्तृत कार्य सम्पादन जाँच्ने सूची तयार गर्ने ।
- 'जाँच्ने सूची' प्रयोग गरी परिक्षार्थीहरुको लगातार कार्य सम्पादन मूल्याङ्न गर्ने ।

## सीप तालीमका लागि सुझाव :

- प्रशिक्षकले कार्य सम्पादन प्रदर्शन गर्ने :
  - सामान्य गतिमा प्रदर्शन गर्ने ।
  - मन्द गतिमा हरेक क्रियाकलाप र कामहरुको बयान गर्दै प्रदर्शन गर्ने ।

- द्रुत गतिमा प्रदर्शन गर्ने ।

- प्रशिक्षार्थीलाई अभ्यासको मौका दिने :
  - सिकारुलाई पहिले हरेक कदमहरुमा सहयोग गर्दै अभ्यास गर्न सिकाउने/ लगाउने ।
  - सिकारुलाई स्वतन्त्ररुपमा गर्न सक्ने बनाउन आवश्यक संख्यामा अभ्यासहरु गर्ने मौका दिने ।
  - सिकारु सम्बन्धित सीपमा कुशल भएपछि मात्र अर्को सीप (कार्य) सिकाउने ।
- अन्य सुझावहरु :
  - सीपमूलक तालीममा सिद्धान्तहरु प्रयोग गर्ने ८०५ समय कार्य सम्पादन र २०५ समय सैद्धान्तिक प्रशिक्षणमा खर्च गर्ने ।
  - वयस्क सिकाईका सिद्धान्तहरु प्रयोग गर्ने ।
  - सिकारुहरुमा आन्तरिक उत्प्रेरणा जागरण गराउँदै अधिकतम सिकाई क्रियाकलापमा संलग्न गराउने ।

- सिकारुका ज्ञान, सीप र प्रवृत्तिको आधारमा प्रशिक्षण गर्ने ।

**मुख्य कार्य तथा सीपहरुको संक्षिप्त सूची**

**(Summary of Duties and Competencies)**

| क्रम संख्या | कामहरु/सीपहरु | समय (घण्टामा) | | |
|---|---|---|---|---|
| | | सैद्धान्तिक | व्यावसायिक | जम्मा |
| क. | माटो तयार बनाउने | | | |
| | क.१. माटोको पहिचान गर्ने | १ | २ | ३ |
| | क.२. माटो सुख्खा पार्ने | १ | २ | ३ |
| | क.३. माटो धुलो बनाउने | १ | २ | ३ |
| | क.४. माटो चाल्ने | १ | ३ | ४ |
| | क.५. मिश्रण तयार गर्ने | १ | ५ | ६ |
| ख. | औजार/उपकरणहरु चलाउने | | | |
| | ख.१. ग्राइन्डिङ मेशिन चलाउने | १ | २ | ३ |
| | ख.२. भाइब्रेटर/चाल्ने मेशिन चलाउने | १ | २ | ३ |
| | ख.३. बल मील चलाउने | १ | २ | ३ |
| | ख.४. प्रेश मेशिन चलाउने | १ | २ | ३ |
| | ख.५. थ्रोइङ ह्विल चलाउने | २ | १८ | २० |
| | ख.६. पग मिल चलाउने | १ | ५ | ६ |
| | ख.७. तापक्रम सूचक चलाउने | २ | १८ | २० |
| | ख.८. गिगर मेशिन चलाउने | १ | ५ | ६ |
| | ख.९. ब्रोन्जर चलाउने | १ | ५ | ६ |
| | ख.१०. फायरीङ मेशिन चलाउन सहायता गर्ने | १ | ५ | ६ |
| | ख.११. ब्लेन्डर मेशिन चलाउने | १ | ५ | ६ |
| ग. | सादा सेरामिकका सामानहरु बनाउने (थ्रोइङ विधि) | | | |
| | ग.१. सादा कप बनाउने | १ | ३ | ४ |
| | ग.२. सादा प्लेट बनाउने | १ | ३ | ४ |
| | ग.३. सादा सुप खाने कचौरा बनाउने | १ | ३ | ४ |
| | ग.४. सादा फूलको गमला बनाउने | १ | ३ | ४ |
| | ग.५. सादा कफि/ बियर मग बनाउने | १ | ३ | ४ |
| | ग.६. सादा एस-ट्रे बनाउने | १ | ३ | ४ |
| | ग.७. सादा चिनी राख्ने भाँडा (सुगर पट) बनाउने | १ | ३ | ४ |

| | | | | |
|---|---|---|---|---|
| | ग.८. सादा पानीको जग बनाउने | १ | ३ | ४ |
| | ग.९. सादा दूध राख्ने भाँडा (मिल्क पट) बनाउने | १ | ३ | ४ |
| | ग.१०. सादा टी-पट बनाउने | १ | ३ | ४ |
| | ग.११. सादा क्वार्टर प्लेट बनाउने | १ | ३ | ४ |
| | ग.१२. सादा पानीको ग्लास बनाउन सहायता गर्ने | १ | ३ | ४ |
| | ग.१३. सादा अचार राख्ने भाँडा बनाउन सहायता गर्ने | १ | ३ | ४ |
| | ग.१४. सादा अण्डा-स्ट्याण्ड बनाउन सहायता गर्ने | १ | ३ | ४ |
| | ग.१५. सादा मैनबत्ती स्ट्याण्ड बनाउन सहायता गर्ने | १ | ३ | ४ |
| | ग.१६. सादा सलाद खाने कचौरा बनाउन सहायता गर्ने | १ | ३ | ४ |
| | ग.१७. सादा सादा तरकारी खाने कचौरा बनाउन सहायता गर्ने | १ | ३ | ४ |
| | ग.१८. सादा भात राख्ने कचौरा बनाउन सहायता गर्ने | १ | ३ | ४ |
| | ग.१९. सादा डिनर प्लेट बनाउन सहायता गर्ने | १ | ३ | ४ |
| | ग.२०. सादा जार बनाउन सहायता गर्ने | १ | ३ | ४ |
| | ग.२१. सादा नुन/मरीच राख्ने भाँडा बनाउन सहायता गर्ने | १ | ३ | ४ |
| घ. | सेरामिकका भाँडाकुँडा बनाउन सहायता गर्ने (मोल्डिङ विधिबाट) | | | |
| | घ.१. धुप-होल्डर बनाउन सहायता गर्ने | २ | ३ | ५ |
| | घ.२. छाना/भुँई/भित्ताको टायलहरु बनाउन सहायता गर्ने | १ | ३ | ४ |
| | घ.३. भातको कचौरा/तरकारीको कचौरा/सुपको कचौरा बनाउन सहायता गर्ने | १ | ३ | ४ |
| | घ.४. फूलदानी बनाउन सहायता गर्ने | १ | ३ | ४ |
| | घ.५. केटा पुतली र केटी पुतली बनाउन सहायता गर्ने | १ | ३ | ४ |
| | घ.६. सिंह/हात्तीको टाउको/मास्क बनाउन सहायता गर्ने | १ | ३ | ४ |
| | घ.७. फूलको गमला बनाउन सहायता गर्ने | १ | ३ | ४ |
| | घ.८. चारकुने ट्रे बनाउन सहायता गर्ने | १ | ३ | ४ |
| ङ. | कामलाई अन्तिम रुप दिने | | | |
| | ङ.१. हात्तीको टाउकोलाई अन्तिम रुप दिने | १ | ४ | ५ |
| | ङ.२. फूलदानीको मुखलाई अन्तिम रुप दिने | १ | ४ | ५ |
| | ङ.३. धुप होल्डरलाई अन्तिम रुप दिने | १ | ४ | ५ |
| | ङ.४. कचौरालाई अन्तिम रुप दिने | १ | ४ | ५ |
| | ङ.५. छतको टायलहरुलाई अन्तिम रुप दिने | १ | ४ | ५ |

| | | | | |
|---|---|---|---|---|
| | ङ.६. केटा/केटी पुतलीलाई अन्तिम रुप दिने | १ | ४ | ५ |
| च. | अन्यसँग संचार गर्ने | | | |
| | च.१. सुपरिवेक्षकसँग संचार गर्ने | १ | २ | ३ |
| | च.२. ग्राहकसँग संचार गर्ने | १ | २ | ३ |
| | च.३. रोजगारदातासँग संचार गर्ने | १ | २ | ३ |
| | च.४. सहकर्मीहरुसँग संचार गर्ने | १ | २ | ३ |
| | च.५. आपूर्तीकर्तासँग संचार गर्ने | १ | २ | ३ |
| | च.६. सेरामिक पसलमा संचार गर्ने | १ | २ | ३ |
| | च.७. आगन्तुकसँग संचार गर्ने | १ | २ | ३ |
| | च.८. कालीगढसँग संचार गर्ने | १ | २ | ३ |
| | च.९. कनिष्ठसँग संचार गर्ने | १ | २ | ३ |
| | च.१०. टेलिफोन रीसिभ गर्ने | १ | २ | ३ |
| | पेशागत वृत्ति विकास गर्ने | | | |
| | छ.१. कालीगढसँग परामर्श लिने | १ | २ | ३ |
| | छ.२. अन्य कार्यशालाहरुको भ्रमण गर्ने | १ | ३ | ४ |
| | छ.३. सम्बन्धित सामाग्रीहरु अध्ययन गर्ने (कागजपत्र, पुस्तिका, ब्रोशियर इत्यादि) | १ | ३ | ४ |
| | छ.४. तालीम/कार्यक्रम आदिका लागि स्थानको खोजी गर्ने | १ | ४ | ५ |
| | छ.५. तालीम/सेमिनार/कार्यशालाहरुमा उपस्थित हुने | १ | २ | ३ |
| | छ.६. श्रव्य-दृश्यहरुको अवलोकन गर्ने | १ | २ | ३ |
| | छ.७. इन्टरनेट चलाउने | १ | २ | ३ |
| | **जम्मा** | **७१** | **२३२** | **३०३** |

**<u>मुख्य कार्य (Duty) नं. १</u>: माटो तयार गर्ने**

| **क.सं.** | **सीपहरू (Competencies)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** | **समय (घन्टामा)** | | | **कैफियत** |
|---|---|---|---|---|---|---|
| | | | **सै.** | **प्रयो.** | **जम्मा** | |
| १. | माटोको पहिचान गर्ने | ▪ सेरामिक उद्योगमा माटोको महत्व<br>▪ माटोको पहिचान गर्ने तरिका<br>▪ माटोको विशेषता (प्लाष्टिसिटी र कलर)<br>▪ राम्रो माटोको आवश्यकता | १ | २ | ३ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| २. | माटो सुख्खा पार्ने | ▪ माटोमा पानीको मात्रा जाँच्ने (ब्रेकिङ तरिकाद्वारा)<br>▪ सुख्खा पार्नुको उद्देश्य<br>▪ सुख्खा पार्ने तरिका | १ | २ | ३ | |
| ३. | माटो धुलो बनाउने | ▪ धुलो बनाउनुको उद्देश्य<br>▪ धुलो बनाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | २ | ३ | |
| ४. | माटो चाल्ने | ▪ माटो चाल्नुको महत्व<br>▪ चाल्नुको उद्देश्य<br>▪ खस्रो र मिहीन चाल्नी<br>▪ माटोमा भएका फोहोर चीजबीच हटाउनुको उद्देश्य<br>▪ चाल्ने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ५. | मिश्रण तयार गर्ने | ▪ मिश्रण बनाउँदा चाहिने विभिन्न तत्वहरु (टेलकम पाउडर इत्यादि)<br>▪ थरिथरिका तत्वहरुको आवश्यकता<br>▪ मिश्रणको महत्व<br>▪ मिश्रणको उद्देश्य | १ | ५ | ६ | |

**मुख्य कार्य (Duty) नं. २: औजार उपकरणहरु चलाउने**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | ग्राइन्डिङ मेशिन चलाउने | ▪ बिजुलीबारे जानकारी (करेन्ट, भोल्टेज र रेसिस्टेन्ट एवं तिनीहरुको इकाइ)<br>▪ ग्राइन्डिङ मेशिनको काम<br>▪ चलाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | २ | ३ | |
| २. | भाइब्रेटर/चाल्ने मेशिन चलाउने | ▪ चाल्नीको काम<br>▪ चलाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | २ | ३ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| ३. | बल मील चलाउने | ▪ बल मीलको काम<br>▪ चलाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | २ | ३ | |
| ४. | प्रेश मेशिन चलाउने | ▪ प्रेश मेशिनको काम<br>▪ चलाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | २ | ३ | |
| ५. | थ्रोइङ ह्विल चलाउने | ▪ थ्रोइङ ह्विलको काम<br>▪ चलाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | १८ | २० | |
| ६. | पग मिल चलाउने | ▪ पग मिलको काम<br>▪ चलाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ५ | ६ | |
| ७. | तापक्रम सूचक चलाउने | ▪ तापक्रम सूचकको काम<br>▪ चलाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | २ | १८ | २० | |
| ८. | गिगर मेशिन चलाउने | ▪ गिगर मेशिनको काम<br>▪ चलाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ५ | ६ | |
| ९. | ब्रोन्जर चलाउने | ▪ ब्रोन्जरको काम<br>▪ चलाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ५ | ६ | |
| १०. | फायरीङ मेशिन चलाउन सहायता गर्ने | ▪ फायरीङ मेशिनको काम<br>▪ चलाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ५ | ६ | |
| ११. | ब्लेन्डर मेशिन चलाउने | ▪ ब्लेन्डर मेशिनको काम<br>▪ चलाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ५ | ६ | |

**मुख्य कार्य (Duty) नं. ३: सादा सेरामिकका सामानहरु बनाउने (थ्रोइङ विधि)**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | सादा कप बनाउने | ▪ सादा कपको पहिचान<br>▪ कपको साइज र आकार<br>▪ बनाउने तरिका | १ | ३ | ४ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | | ▪ सुरक्षा सम्बन्धी उपाय | | | | |
| २. | सादा प्लेट बनाउने | ▪ सादा प्लेटको पहिचान<br>▪ प्लेटको साइज र आकार<br>▪ बनाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ३. | सादा सुप खाने कचौरा बनाउने | ▪ सादा सुप-कचौराको पहिचान<br>▪ कचौराको साइज र आकार<br>▪ बनाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ४. | सादा फूलको गमला बनाउने | ▪ सादा गमलाको पहिचान<br>▪ गमलाको साइज र आकार<br>▪ बनाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ५. | सादा कफि/ बियर मग बनाउने | ▪ सादा मगको पहिचान<br>▪ मगको साइज र आकार<br>▪ बनाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ६. | सादा एस-ट्रे बनाउने | ▪ सादा एस-ट्रेको पहिचान<br>▪ एस-ट्रेको साइज र आकार<br>▪ बनाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ७. | सादा चिनी राख्ने भाँडा (सुगर पट) बनाउने | ▪ चिनीको भाँडाको पहिचान<br>▪ भाँडाको साइज र आकार<br>▪ बनाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ८. | सादा पानीको जग बनाउने | ▪ पानीको जगको पहिचान<br>▪ जगको साइज र आकार<br>▪ बनाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ९. | सादा दुध राख्ने भाँडा (मिल्क पट) बनाउने | ▪ दुधको भाँडाको पहिचान<br>▪ भाँडाको साइज र आकार<br>▪ बनाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| १०. | सादा टी-पट बनाउने | ▪ टी-पटको पहिचान<br>▪ टी-पटको साइज र आकार | १ | ३ | ४ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | | ▪ बनाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | | | | |
| ११. | सादा क्वार्टर प्लेट बनाउने | ▪ क्वार्टर प्लेटको पहिचान<br>▪ क्वार्टर प्लेटको साइज र आकार<br>▪ बनाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| १२. | सादा पानीको ग्लास बनाउन सहायता गर्ने | ▪ पानीको ग्लासको पहिचान<br>▪ पानीको ग्लासको साइज र आकार<br>▪ बनाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| १३. | सादा अचार राख्ने भाँडा बनाउन सहायता गर्ने | ▪ अचारको भाँडाको पहिचान<br>▪ भाँडाको साइज र आकार<br>▪ बनाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| १४. | सादा अण्डा-स्ट्याण्ड बनाउन सहायता गर्ने | ▪ अण्डा स्ट्याण्डको पहिचान<br>▪ स्ट्याण्डको साइज र आकार<br>▪ बनाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| १५. | सादा मैनबत्ती स्ट्याण्ड बनाउन सहायता गर्ने | ▪ मैनबत्ती स्ट्याण्डको पहिचान<br>▪ स्ट्याण्डको साइज र आकार<br>▪ बनाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| १६. | सादा सलाद खाने कचौरा बनाउन सहायता गर्ने | ▪ सलादको कचौराको पहिचान<br>▪ कचौराको साइज र आकार<br>▪ बनाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| १७. | सादा सादा तरकारी खाने कचौरा बनाउन सहायता गर्ने | ▪ तरकारी कचौराको पहिचान<br>▪ कचौराको साइज र आकार<br>▪ बनाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| १८. | सादा भात राख्ने कचौरा बनाउन सहायता गर्ने | ▪ भात राख्ने कचौराको पहिचान<br>▪ कचौराको साइज र आकार<br>▪ बनाउने तरिका | १ | ३ | ४ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | | ■ सुरक्षा सम्बन्धी उपाय | | | | |
| १९. | सादा डिनर प्लेट बनाउन सहायता गर्ने | ■ डिनर-प्लेटको पहिचान<br>■ डिनर-प्लेटको साइज र आकार<br>■ बनाउने तरिका<br>■ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| २०. | सादा जार बनाउन सहायता गर्ने | ■ जारको पहिचान<br>■ जारको साइज र आकार<br>■ बनाउने तरिका<br>■ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| २१. | सादा नुन/मरीच राख्ने भाँडा बनाउन सहायता गर्ने | ■ भाँडोको पहिचान<br>■ भाँडोको साइज र आकार<br>■ बनाउने तरिका<br>■ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |

**<u>मुख्य कार्य (Duty) नं. ४:</u> सेरामिकका भाँडाकुँडा बनाउन सहायता गर्ने (मोल्डिङ विधि)**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | धुप-होल्डर बनाउन सहायता गर्ने | ■ धुप-होल्डरको पहिचान<br>■ धुप-होल्डरको साइज र आकार<br>■ बनाउने तरिका<br>■ सुरक्षा सम्बन्धी उपाय | २ | ३ | ५ | |
| २. | छाना/भुँई/भित्ताको टायलहरु बनाउन सहायता गर्ने | ■ टायलको पहिचान<br>■ टायलको साइज र आकार<br>■ बनाउने तरिका<br>■ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ३. | भातको कचौरा/तरकारीको कचौरा/सुपको कचौरा बनाउन सहायता गर्ने | ■ कचौराको पहिचान<br>■ कचौराको साइज र आकार<br>■ बनाउने तरिका<br>■ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ४. | फूलदानी बनाउन सहायता गर्ने | ■ फूलदानीको पहिचान<br>■ फूलदानीको साइज र आकार<br>■ बनाउने तरिका<br>■ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| ५. | केटा पुतली र केटी पुतली बनाउन सहायता गर्ने | ▪ पहिचान<br>▪ साइज र आकार<br>▪ बनाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ६. | सिंह/हात्तीको टाउको/मुकुण्डो बनाउन सहायता गर्ने | ▪ केटा पुतली/केटी पुतलीको पहिचान<br>▪ साइज र आकार<br>▪ बनाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ७. | फूलको गमला बनाउन सहायता गर्ने | ▪ गमलाको पहिचान<br>▪ गमलाको साइज र आकार<br>▪ बनाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |
| ८. | चारकुने ट्रे बनाउन सहायता गर्ने | ▪ ट्रेको पहिचान<br>▪ ट्रेको साइज र आकार<br>▪ बनाउने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ३ | ४ | |

**मुख्य कार्य (Duty) नं. ५: फिनिसीङको काम गर्ने**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | हात्तीको टाउकालाई अन्तिम रुप दिने | ▪ अन्तिम रुपको महत्व<br>▪ अन्तिम रुपको उद्देश्य<br>▪ अन्तिम रुप दिने औजार र सामानहरु<br>▪ हात्तीको टाउको समात्ने प्रविधि<br>▪ अन्तिम रुप दिने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ४ | ५ | |
| २. | फूलदानीको मुखलाई अन्तिम रुप दिने | ▪ अन्तिम रुप दिने औजार र सामानहरु<br>▪ फूलदानीको मुख समात्ने प्रविधि<br>▪ अन्तिम रुप दिने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ४ | ५ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| ३. | धुप होल्डरलाई अन्तिम रुप दिने | ▪ अन्तिम रुप दिने औजार र सामानहरु<br>▪ धुप होल्डर समात्ने प्रविधि<br>▪ अन्तिम रुप दिने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ४ | ५ | |
| ४. | कचौरालाई अन्तिम रुप दिने | ▪ अन्तिम रुप दिने औजार र सामानहरु<br>▪ कचौरा समात्ने प्रविधि<br>▪ अन्तिम रुप दिने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ४ | ५ | |
| ५. | छतको टायलहरुलाई अन्तिम रुप दिने | ▪ अन्तिम रुप दिने औजार र सामानहरु<br>▪ छतको टायल समात्ने प्रविधि<br>▪ अन्तिम रुप दिने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ४ | ५ | |
| ६. | केटा/केटी पुतलीलाई अन्तिम रुप दिने | ▪ अन्तिम रुप दिने औजार र सामानहरु<br>▪ पुतली समात्ने प्रविधि<br>▪ अन्तिम रुप दिने तरिका<br>▪ सुरक्षा सम्बन्धी उपाय | १ | ४ | ५ | |

**<u>मूख्य कार्य (Duty) नं. ७</u>: अन्यसँग संचार गर्ने**

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | सुपरिवेक्षकसँग संचार गर्ने | ▪ संचारको अर्थ र महत्व<br>▪ संचारका प्रकारहरु ( मौखिक, सांकेतिक रुपमा, लिखित)<br>▪ मौखिक संचारको प्रविधि<br>▪ सहयोगात्मक कामका लागि संवाद<br>▪ सुचना आदान प्रदान<br>▪ वरिष्ठ पदाधिकारीहरुसँग कामबारे अग्रिम छलफल<br>▪ संवादका लागि उपयुक्त भाषाको प्रयोग (तल्ला तथा उच्च तहका | १ | २ | ३ | |

| क.सं. | सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| | | कर्मचारीहरुसँग) | | | | |
| २. | ग्राहकसँग संचार गर्ने | ■ ग्राहकको कुरा र उनीहरुको विचारको महत्व (विचार दिने, अस्पष्ट कुराहरु समाधानका उपाय) | १ | २ | ३ | |
| ३. | रोजगारदातासँग संचार गर्ने | ■ कार्य नं. २ हेर्नुहोस् । | १ | २ | ३ | |
| ४. | सहकर्मीहरुसँग संचार गर्ने | ■ दिइएको कामबारे सहकर्मीहरुसँग छलफल गर्नुको महत्व | १ | २ | ३ | |
| ५. | आपूर्तीकर्तासँग संचार गर्ने | ■ कार्य नं. २ हेर्नुहोस् । | १ | २ | ३ | |
| ६. | सेरामिक पसलमा संचार गर्ने | ■ माग र पूर्तिको अर्डर<br>■ बिल/भर्पाइ<br>■ सामानहरुको आपूर्ति र डेलिभरी | १ | २ | ३ | |
| ७. | आगन्तुकसँग संचार गर्ने | ■ कार्य नं. २ हेर्नुहोस् । | १ | २ | ३ | |
| ८. | कालीगढसँग संचार गर्ने | ■ कार्य नं. १ हेर्नुहोस् । | १ | २ | ३ | |
| ९. | कनिष्ठसँग संचार गर्ने | ■ कार्य नं. ४ हेर्नुहोस् । | १ | २ | ३ | |
| १०. | टेलिफोन रीसिभ गर्ने | ■ टेलिफोनको अर्थ र महत्व<br>■ टेलिफोन रिसीभ गर्ने प्रविधि<br>■ टेलिफोन रीसिभ गर्ने तरीका<br>■ खबर लेख्ने प्रविधि | १ | २ | ३ | |

**<u>मुख्य कार्य (Duty) नं. ८:</u> पेशागत वृत्ति विकास गर्ने**

| क.सं. | आवश्यक सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| १. | कालीगढसँग परामर्श लिने | ■ कालीगढसँग पेशाको खोजी सम्बन्धी गरिने क्रियाकलापको महत्व | १ | २ | ३ | |
| २. | अन्य कार्यशालाहरुको भ्रमण गर्ने | ■ अन्य कार्यशालाहरुको भ्रमण गर्नुको फाइदा | १ | ३ | ४ | |
| ३. | सम्बन्धित सामाग्रीहरुको अध्ययन गर्ने (कागजपत्र, पुस्तिका, ब्रोशियर) | ■ पेशासँग सम्बन्धित कागजपत्र, पुस्तिका, सीट आदिको अध्ययनबाट हुने फाइदा | १ | ३ | ४ | |
| ४. | तालीम/सेमिनार कार्यशालाहरुमा उपस्थित हुने | ■ व्यावसायिक बन्नुपर्ने आवश्यकता<br>■ पेशागत रुपबाट संस्था भित्र तथा संस्था बाहिर अगाडि बढ्ने मौकाको महत्व | १ | ४ | ५ | |

| क.सं. | आवश्यक सीपहरू (Competencies) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) | समय (घन्टामा) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सै. | प्रयो. | जम्मा | |
| ५. | श्रव्य-दृश्यहरुको अवलोकन गर्ने | ▪ टि.भी. च्यानल, श्रव्य-दृश्य सामाग्रीहरुको परिचय<br>▪ श्रव्य-दृश्यबाट सिकिने कुराहरुको महत्व | १ | २ | ३ | |
| ६. | इन्टरनेट चलाउने | ▪ कम्प्यूटर बारेको जानकारी<br>▪ इन्टरनेट चलाउने प्रविधि | १ | २ | ३ | |
| ७. | तालीमका लागि कार्यक्रम/ स्थान आदिको खोजी गर्ने | ▪ बढुवाका लागि तालीमको महत्व<br>▪ पुर्नताजगी तालीमका लागि तालीम दिने व्यक्ति/संस्थाको खोजी | १ | २ | ३ | |